# टीकापुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## टीकापुर,कैलाली
### सुदुरपश्चिम प्रदेश, नेपाल

**"खाद्यान्न बालीको उन्नत बीउ उपयोगमा अनुदान कार्यक्रम अन्तर्गत ५० प्रतिशत अनुदानमा धानको उन्नत बिउ उपलब्ध कार्यक्रममा आवेदन पेश गर्ने बारेको सुचना "।**

सूचना नं.:- कृषि - १७/२०८१/०८२
(सूचना प्रकाशित मितिः- २०८२/०१/०९)
ने.स.११४५ चौलागा :९ मंगलबार

टीकापुर नगरपालिका टीकापुर कैलालीको आ.व.०८१/०८२ को सघिंय शर्सत तर्फको बार्षिक स्वीकृत कार्यक्रम अनुसार "खाद्यान्न बालीको उन्नत बीउ उपयोगमा अनुदान" कार्यक्रम अन्तर्गत तपशिलका धानको उन्नत बीउ ५० प्रतिशत अनुदानमा उपलब्ध कार्यक्रम संचालन गर्नुपर्ने भएकोले यस नगरपालिका क्षेत्र भित्र रहेका ईच्छुक कृषक/कृषक समुह/कृषि फर्म/ कृषि सहकारी संस्थाहरूले आवश्यक कागजात सहित सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन (मिति २०८२/०१/१६ गते) भित्र तपशिल बमोजिमका कागजात सहित यस टीकापुर नगरपालिका,कृषि विकास शाखामा आवेदन पेश गर्नहुन सम्वन्धित सवैको जानकारीका लागी यो सूचना प्रकाशित गरिएको छ ।

कार्यक्रम संचालन हुने क्षेत्र : टीकापुर नगरपालिका भित्र ।
सहयोग अनुदान : धानको उन्नत बीउमा ५० प्रतिशत अनुदान ।

तपशिलः

| क्र.स. | बीउको प्रकृति | धान बालिका जातहरू | कैफियत |
|---|---|---|---|
| १ | मोटो/मध्यम जात | बहुगुणी-१,बहुगुणी-२,सुख्खा धान-१,२,३,४,५,६,साविति्र,स्वर्ण सब-१,राधा-४,७, ११,१२,१३,१४,मकवानपुर-१,सेहराङ्ग सब-१,तरहरा-१,घैया-३,हर्दिनाथ-२,३,४,५,गंगासागर-१,गंगासागर-२,लोकतन्त्र, | |
| २ | मसिनो जात | सावाँ मसुली सब-१,हर्दिनाथ सावाँ मंसुली,रामधान,हर्दिनाथ-६ | |

**आवश्यक कागजातहरुः**

१.आवेदकको निवेदन (कुन जातको र कति परिमाण बीउ आवश्यक रहेको खुल्ने गरी) ।
२.नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी ।
३.जग्गा धनि लालपुर्जाको प्रतिलिपी वा जग्गा भाडामा लिएको भए मन्जुरीनामा भएको कागजातको प्रतिलिपी ।
४.कृषक समुह/सहकारीको हकमा कार्यक्रम माग गर्ने निर्णयको प्रतिलिपी ।
५.कृषक समुह/सहकारी/कृषि फर्मको हकमा संस्था दर्ता नविकरण प्रमाण पत्रको प्रतिलिपी ।

.........................
रबिन्द्र प्रसाद चौधरी
प्रमुख प्रशासकिय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

थप जानकारीका लागि
टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय
कृषि विकास शाखा,टिकापुर,कैलाली
मोबाइल नं.९८५७८३६१२२/९८४८३७०८८८/९८४८५४६५७६

CamScanner